# तुर्माखाँद सहमति र पालिकाले गर्ने कामहरु

## भूमिका

यहि मिति २०८० साल पौष ८ र ९ गते यस गाउँपालिकाले बिभिन्न सरोकारवाला जस्तै शिक्षक, प्राधानाध्यापक, राजनैतिक दलका प्रतिनिधि, बिध्यालय ब्यबस्थापन समिति, शिक्षक महासंघ सहित शिक्षक संघ, संगठनका प्रतिनिधि, शिक्षा समिति र जन प्रतिनिधि लगायतका संग शिक्षा संग सम्बन्धित बिज्ञ टोलि संग दुइ दिनको गहन छलफल गरि तुर्माखाँद सहमति नामक साझा सहमती पत्र तयार गरेका छौ । बिभिन्न सरोकारवालहरुले गर्नु पर्ने कामहरु यसरी तल उल्लेखित गरेका छौ ।

१.बैक तथा बित्तिय संस्था र अभिभावकको सहकार्यमा गाउँपालिकाले सबै विद्यार्थीको अनिवार्य बचत कार्यक्रम गर्ने छौ ।

२.बिव्यस तथा शिक्षक महासंघको सहकार्यमा बिध्यालय तहमा भएका बिध्यार्थिहरुको दलगत संगठन बन्द गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने छौ ।

३. शिक्षक महासंघ तथा राजनितिक दलहरुको सहकार्यमा प्रत्येक बिध्यालयले अन्तरदलिय सम्वाद गरी बिध्यार्थीलाइ घरबाट बिध्यालयमा कसरी ल्याउने ? कसरी सिकाउने ? कसरी सिक्नेकला सिकाउने तथा कसरी सीपयुक्त बनाइ बजारमा बिकाउने भन्ने कुराको बुँदागत जानकारी बटुल्ने छौ । त्यसका आधारमा वडा तहमा सम्वाद गर्ने छौ । अन्त्यमा पालिका तहमा सम्वाद गरी तुर्माखाँद गाउँपालिकाका सबै बिध्यालयले लागु गर्ने नीति बनाइ अनिवार्य रुपमा लागु गर्ने छौ ।

४.मिलान तथा बन्द गरिएका प्रयाप्त कक्षा कोठा भएका बिध्यालयहरुमा स्थानीय संग्रालय बनाउने छौ ।

५. शिक्षक, बिव्यस र अभिभावकले गरेका असल अभ्यासहरु संकलन गर्ने डिजिटल एप बनाइ कार्यान्वयन गर्ने छौ र सोही जानकारीको आधारमा पुरुस्कृत गर्ने प्रबन्द गर्ने छौ ।

६.शिक्षकहरुले चाहेका ल्यापटप, मोवाइल मोटरसाइकल, जमिन जस्ता भौतिक सुविधा निजहरुको तलव बाट कट्टा हुने सम्झौता पालिका तथा व्यापरीको सहकार्यमा गर्ने गराउने छौ ।

७. आधुनिक प्रबिधि, डिजिटल म्याप मार्फत बिध्यालय अनुगमन गर्ने प्रबन्ध मिलाउने छौ । यस बाहेक अभिभावक बिव्यस तथा जनप्रतिनिधि कक्षा अवलोकन गर्ने गराउने छौ ।

८। शैक्षिक गुणस्तरको पालिका स्तरीय मानक बनाइ लागु गर्ने छौ । सो मानक अनुसार बिध्यार्थीको क्षमता भए नभएको परिक्षण गर्ने प्रबन्ध मिलाउने छौ ।

९. सरोकारवालाहरुको सहकार्यमा एकसाथ पालिकाको शिक्षा नीति, एन, नियमावली, कार्यबिधि तथा योजना बनाइ कार्यान्वयन गर्ने छौ ।

१०. सरोकारवालाको सहकार्यमा स्थानीय पाठ्यक्रम, पाठयपुस्तक तथा शैक्षिक सामग्री बनाइ लागु गर्ने छौ ।

११. शिक्षक महासंघको सहकार्यमा शिक्षकलाइ अध्यावधिक गर्न फेसबुक वाट्सऐप मेसेन्जर युटुव आदीको उपयोग गर्ने छौ ।

१२. निशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ लाइ कार्यान्यवन गरी औपचारिक तथा अनौपचारिक रुपमा सबैलाई आधारभुत तहको शिक्षा सुनिश्चित गर्ने छौ ।

१३. दलित माथीको जातीय छुवाछुत अन्त्य गर्ने तथा उनीहरुका परम्परागत सीपहरुको खोजी, उध्धमीकरण तथा बजारीकरण गर्ने छौं ।

१४. बिपन्न अभिभावक पहिचान गरी पालिकाले सशर्त काममा लगाई उनका सदस्यहरुलाई आबश्यक लत्ता कपडा आदीको प्रबन्ध गर्नै पर्ने व्यबस्था गर्ने छौ ।

१५. जनप्रतिनिधि, शिक्षक, बिव्यसको सहकार्यमा पालिकाका बिधागत बिज्ञहरुको पहिचान गरी बिद्यालयले तिनको सेवा सुनिश्चित गर्ने प्रबन्ध मिलाउने छौ ।

१६ जनप्रतिनिधि, राजनिति दल, शिक्षक, स्थानीय कर्मचारी, बिव्यस लगायत सबै सरोकारवाला र सार्बजनिक जीवन ब्यतित गर्ने व्यक्तिका छोरा छोरी सार्बजनिक स्कुलमै पढाउन व्यवस्थाका लागि गाउँकार्यपालिलाइ सिफारिस गर्ने।

१७ बिध्यालयका प्रधानाध्यापक योग्यता, क्षमता, मेरिट र प्रतिष्प्रधाका आधारमा करारमा नियुक्त गर्नेछौ ।

१८ विषयगत शिक्षकको क्षमता अभिवृद्धि गर्ने हेतुले पालिका भित्रैका स्वँयमसेवा गर्न चाहने विषयगत राम्रा शिक्षकहरु मध्यबाट छनौट गरि Mentor Teacher Programme सँचालन गर्नेछौ ।

१९ बिध्यालय नक्सांकन गरि नक्सांकनका मापदण्डमा नपरेका बिध्यालयहरु मर्ज र डाउनसाइज गर्दा कुनै किसिमको अवरोध गर्ने छैनौ ।

**शिक्षक महासंघको नेतृत्वमा शिक्षकले गर्ने काम**

१. संबिधानको धारा ५१ (ज) को (क) लाइ कार्यान्वयन गर्ने छौ ।

२. पालिकाको मानक अनुसार शैक्षिक गुणस्तर सुनिश्चित गर्ने छौ ।

३. शिक्षक महासंघले आफ्ना शिक्षकहरु मार्फत सबै विद्यार्थिलाइ कम्तीमा एउटा सिप सुनिश्चित गर्न  प्रोफाइल तयार गर्नेछौ । सो प्रोफाइल अनुसार पालिकाका् सहकार्यमा आफैले सिप आर्जन गर्नेको youtube बनाउने छौ । विद्यार्थिलाइ छोटो अवधिको सिप विकास तालिमका लागि पालिका सँग सहकार्य गर्नेछौ । एक अर्काले जानेका सिपका लागि विद्यार्थिलाइ जोडा बनाइ दिनेछौ । अथवा स्थानीय सिप भएका व्याक्ती सँग सिक्ने प्रबन्ध मिलाउने छौ ।

४ अभिभावकलाइ अभिमुखिकरण गर्ने  तथा अभिभावकका गुनासो सुनि तदनुसार काम गर्न प्रत्यक विद्यालयलाइ जिम्मेवार बनाउने छौ ।

५ विद्यालयमा नियमित आउन नसक्ने विद्यार्थिको हकमा पालिका र विव्यसको समन्वय र सहकार्यमा घरघरै जाने तथा घरमै सिक्ने सिकाउने प्रबन्ध मिलाउने ब्यवस्था गर्नेछौ ।

६ विद्यालयका सबै शिक्षक तथा विद्यार्थीलाई अनिवार्य योगाभ्यास गर्ने प्रवन्ध मिलाउने छौ ।

७ विद्यार्थीलाई शैक्षिक तथा प्राज्ञिक चुनौती हुने खालको परियोजना दिइ शिर्जनात्मक तथा समालोचक बनाउने छौ ।

८ अभिवावक तथा साथीसंगको अनुसन्धान मोबाइल तथा कम्प्युटरमा खोजी,पाठ्यपुस्तकमा खोजी आ-आफ्नो अनुभव जोडी पढ्ने पढाउने तरिका अपनाउने छौ ।

९ विद्यार्थी शिक्षक तथा अभिभावक मिलेर स साना अनुसन्धान गर्ने गराउने सस्कृति बनाउने छौ । यस्ता अनुसन्धानका नतिजाहरु समावेश गरी पालिका संगको सहकार्यमा अनलाइन तथा छपाइ गर्ने छौ ।

१०. बिद्यार्थी तथा अभिभावक परिचालन गरी बिद्यालय हातालाई हरियाली घेरावार सुनिश्चित गराउने छौं ।

११. शिक्षकको अभाव भएमा आधुनिक प्रबिधि प्रयोग गर्ने, मनिटर प्रयोग गर्ने तथा स्थानीय बिज्ञ प्रयोग गर्ने प्रबन्ध मिलाउने छौ ।

१२. बिद्यार्थी शिक्षक अभिभावकको सहकार्यमा स्थानीय पाठ्यसामग्री निर्माण तथा प्रयोग गर्ने छौं ।

१३. बिधागत, तहगत तथा बिषयगत शिक्षकको फेसबुक, भाइबर, मेसेन्जर तथा वाट्टसेप समुह बनाइ एक अर्काले गरेका अभ्यास तथा भोगेका समस्याको समाधान खोज्ने व्यबस्था मिलाउने छौ ।

१४. बिद्यार्थीलाई पढाउने काम गर्दै सिक्न अभिप्ररित गर्ने गराउने छौ ।

१५. कार्यकारी प्रमुखको हैसियतले प्रधानाध्यापले माथिका सबै कुरा आ आफ्नो बिद्यालयमा लागु गर्ने छौ ।

**बिद्यालय व्यबस्थापन समितिको काम**

१. भौतिक, शैक्षिक, मानविय, आर्थिक तथा आधुनिक प्रबिधिमा शिक्षकलाइ सघाउने व्यबस्था गर्ने छौ ।

२. नजिकका एक अर्का बिद्यालयमा गै त्यहाँबाट कम्तिमा ३ वटा राम्रा काम के सिक्न सकिन्छ र के सिकाउन सकिन्छ भन्ने अभ्यास गर्ने छौ ।

३. वडा तहमा विव्यसको भेला गरी एक अर्का बिद्यालयलाई भौतिक, शैक्षिक, मानविय, आर्थिक तथा आधुनिक प्रबिधिमा जानकारी बनाउने प्रबन्ध गर्ने छौ ।

४. बेला बखतमा एक अर्का बिद्यालयमा शिक्षक, बिद्यार्थी तथा अभिभावकको आदान प्रदान गरि सिक्ने सिकाउने व्यबस्था गर्ने छौ ।

५. पालिकाबाट लिनु पर्ने सहयोग बिद्यालयलाइ उपलब्ध गराउन प्र.अ.ले त्यहाँ धाउनु नपर्ने व्यबस्था मिलाउने छौं ।

६. कक्षामा ढिलो आाउने र छिटो जाने शिक्षकले बिद्यार्थीको समय चोरी भ्रष्टाचार गरेको हो भन्ने मान्यता स्थापित गराउन शिक्षक तथा प्र.अ.संग सहकार्य गराउने छौ ।

७. आ आफ्ना बिद्यालयका बिद्यार्थी, शिक्षक तथा अभिभावकको प्रतिभा पहिचान गरी तिनलाई थप तालिम दिने पालिका संग सहकार्य गर्ने छौ ।

तुमाखाँद गाउँपालिका